कर्णाली प्रदेशसभा नियमावली, २०८१ को नियम ११८ को उपनियम (२) बमोजिम

## विधेयकमा संशोधन प्रस्तावको विवरण

विधेयकको नाम: कर्णाली प्रदेश लोकमार्ग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

(संशोधन प्रस्ताव दर्ताको क्रमानुसार संशोधन प्रस्तावकर्ता माननीय सदस्यको क्रम निर्धारण गरिएको)

| क्र.सं. | माननीय सदस्यको नाम |
|---|---|
| १ | मा. कृष्ण बहादुर जि. सी., मा. बिन्दमान विष्ट |
| २ | मा. हिक्मत व. विष्ट, मा. इन्द्रा कुमारी शाही, मा. बलिमाया बुढा |
| ३ | मा.कल्याणी खड्का |
| ४ | मा.टेकराज पछाई, मा.जित बहादुर मल्ल, मा.दक्षिणा शाही, मा.कल बहादुर हमाल, मा.तुलसा मल्ल |
| ५ | मा.उर्मिला विश्वकर्मा |

## दफाक्रमानुसार मिलाइएका संशोधन प्रस्तावहरू

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | संशोधनको व्यहोरा | संशोधनको कारण/कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | | |
| १. | मा. कृष्ण बहादुर जि. सी., मा. बिन्दमान विष्ट | १ | १ | | | यस ऐनको नाम "कर्णाली प्रदेश सडक ऐन, २०८०" रहेको छ राख्ने। | विभिन्न वर्गका प्रदेश सडकहरुको साझा शब्दावलीमा स्पष्ट गर्नुपर्ने भएकाले। |
| २. | मा.टेकराज पछाई, मा.जित बहादुर मल्ल, मा.दक्षिणा शाही, मा.कल बहादुर हमाल, मा.तुलसा मल्ल | विधेयक को नामावली | | | | प्रदेश सडक सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक | सडक शब्द राख्न उचित देखिएकाले |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | संशोधनको व्यहोरा | संशोधनको कारण/कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | | |
| ३. | मा.टेकराज पछाई,<br>मा.जित बहादुर मल्ल,<br>मा.दक्षिणा शाही,<br>मा.कल बहादुर हमाल,<br>मा.तुलसा मल्ल | प्रस्तावना | | | | कर्णाली प्रदेशभित्रका प्रदेश लोकमार्ग लगायतका प्रदेश सडकको दिगो र स्तरीय बिकाश गर्दै नागरिकलाई सिघ्र, सरल, सुरक्षित , मितव्ययी र आरामदायी आवागमनको प्रत्याभूति गरी नागरिकको आर्थिक हित अभिबृद्दी गर्न , प्रदेश सडकको निर्माण ,बिस्तार ,मर्मत सम्भार ,पुनर्निर्माण दिगो बाताबरणीय ब्यबस्थापन गर्न र समग्र सडक सम्पतिको सुरक्षा सुनिश्चित गर्नका लागी कानुनि ब्यबस्था गर्न बान्छनीय भएकोले ,<br>कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ । | भाषा मिलान |
| ४. | मा. कृष्ण बहादुर जि. सी.,<br>मा. बिन्दमान विष्ट | ३ | १ | | | सडकको वर्गीकरण देहाय बमोजिम हुनपर्छः<br>(क) प्रदेश लोकमार्ग<br>(ख) प्रदेश सहायक मार्ग (परिभाषा खण्डदेखि विधेयकमा प्रदेश मार्ग उल्लेख भएका ठाउँमा यसै अनुसारको शब्दावली राख्ने)<br>(ग) प्रदेश सहरी मार्ग | प्रदेश सडकको वर्गिकरण स्पष्ट गर्नुपर्ने भएकोले । |
| ५. | मा. कृष्ण बहादुर जि. सी.,<br>मा. बिन्दमान विष्ट | ३ | २ | | | देहाय बमोजिमको उपदफा (२) राख्नेः<br>प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी सडकलाई उपदफा (१) बमोजिम वर्गिकरण गरी त्यस्तो सडकको केन्द्र रेखा देखि दायाँ बायाँ दुबैतिर देहाय बमोजिमको सडक सीमा तोक्नेछ । भन्ने बाक्यांश राख्ने। | प्रदेश सरकारबाट निर्णय गर्ने र निर्णयको सर्वसाधारणलाई जानकारी गराउनु पर्ने भएकोले। |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | संशोधनको व्यहोरा | संशोधनको कारण/कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | | |
| ६. | मा.कल्याणी खड्का | ३ | २ | क, ख, ग | | सडकको सीमा सहरी विकास मापदण्ड २२ मिटर भएकाले सोही बमोजिम हुनुपर्ने | सडकको सीमामा सहरी विकास मापदण्ड र विधेयकको व्यवस्था भिन्न भिन्न भएकाले, |
| ७. | मा. कृष्ण बहादुर जि. सी., मा. बिन्दमान विष्ट | ३ | ३ | | | "यस दफामा अन्यत्र" भन्ने बाक्यांशको सट्टा "उपदफा २ मा" भन्ने बाक्यांश राख्ने। | उपदफा २ र ३ लाई विषय मिलाउनु पर्ने भएकोले। |
| ८. | मा.कल्याणी खड्का | ६ | १ | | | थप गर्नुपर्ने: कुनै वयक्तिको जग्गा अधिकरण गर्दा अन्यत्र कुनै पनि स्थानमा जग्गा नभएमा क्षतिपूर्ति सहित आवासको व्यवस्था गर्नुपर्ने । | व्यक्तिलाई आवासको हकबाट बञ्चित नगर्न |
| ९. | मा. कृष्ण बहादुर जि. सी., मा. बिन्दमान विष्ट | ६ | २ | ख | १ | प्रमुख प्रशासकीय अधिकृत सम्बन्धित स्थानीय तह – संयोजक | अधिग्रहण कार्य सहज बनाउनु पर्ने भएकाले। |
| १०. | मा.टेकराज पछाई, मा.जित बहादुर मल्ल, मा.दक्षिणा शाही, मा.कल बहादुर हमाल, मा.तुलसा मल्ल | ७ | १ | | | दफा ३ को उपदफा २ बमोजिम को सडक सीमाबाट दाया बाया छ-छ मिटरसम्म पर्खालाबाहेक का स्थायी संरचना बनाउन हुदैन । तर पहाडी तथा हिमाली क्षेत्रको हकमा सो सिमा तिन- तिन मिटर कायम हुनेछ । | पहाडी तथा हिमाली क्षेत्रमा जग्गा धेरै नहुने हुदा |
| ११. | मा. कृष्ण बहादुर जि. सी., | १० | १ | | | उपदफा १ विपरित कसैले निषेधित गरिएका मेशिन तथा उपकरण | मालसमान ढुवानी गर्दा सडकमा |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | संशोधनको व्यहोरा | संशोधनको कारण/कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | | |
| | मा. बिन्दमान विष्ट | | | | | चलाई वा मालसमान ढुवानी गर्दा त्यस्तो साधनले प्रदेश सडकमा क्षति पुर्‍याएमा मर्मत सम्भार गर्न लाग्ने खर्च त्यस्तो मेशिन तथा अन्य उपकरण धनीबाट कार्यालयले अशुल उपर गर्नेछ। | हुने क्षति न्यून गर्नुपर्ने भएकाले। |
| १२. | मा.उर्मिला विश्वकर्मा | १४ | | | | फोहोरमैला व्यवस्थापन गर्नुपर्ने | सडक फोहोर हुनेभएकाले दफा १५ थप्नुपर्ने । |
| १३. | मा.उर्मिला विश्वकर्मा | १६ | | | | सडक दुर्घटना र क्षेति न्यूनीकरण सम्बन्धी सचेतना तालिम गर्ने | चालक तथा सवारी धनीको लागी सचेतना तालिम |
| १४. | मा. हिक्मत व. विष्ट, मा. इन्द्रा कुमारी शाही, मा. बलिमाया बुढा | १६ | | | | ....... सवारी दुर्घटना गरी वा नगरी .......सक्नेछ । | सवारी दुर्घटना नभएपनी सडकका बार लगायतका संरचना विगारे भत्काएको अवस्थामा पनि जिम्मेवार बनाउन । |
| १५. | मा.उर्मिला विश्वकर्मा | १७ | ३ | | | सम्भव भएसम्म अनिवार्य गर्ने | सम्भव हुने शब्दले मूर्त रुप नदिने भएकाले |
| १६. | मा.उर्मिला विश्वकर्मा | १७ | ५ थप्नुपर्ने | | | प्रतिक्षालय / बस विसौनी स्थलमा बहुउदेश्यीय शौचालय निर्माण गर्नुपर्ने। | सडक विसौनीमा सफा राख्न |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | संशोधनको व्यहोरा | संशोधनको कारण/कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | | |
| १७. | मा.कल्याणी खड्का | १७ | ५ | | | दफा १७ को उपदफा ५ पछि थप गर्ने,<br>(छ) यस दफा बमोजिमको कार्य गर्दा सम्बन्धित समुदाय र जग्गा धनिसँग समन्वय गर्नुपर्नेछ । | सडक निर्माण मर्मत, सम्भार कार्यलाई सहजता र सहभागितामूलक बनाउन । |
| १८. | मा.उर्मिला विश्वकर्मा | १७ | ६ थप्नुपर्ने | | | सडकहरुमा आवश्यकता अनुसार आकासेपुल निर्माण गर्नुपर्ने | सम्भावित मानवीय क्षति न्यूनीकरण गर्न |
| १९. | मा. कृष्ण बहादुर जि. सी.,<br>मा. बिन्दमान विष्ट | १७ | थप | | | उपदफा (५) पछि देहायको उपदफा (६) थप गर्नेः मर्मत सम्भार कोषः<br>(क) प्रदेश रकारले प्रदेश सडकको नियमित मर्मत सम्भारको लागि एउटा मर्मत सम्भार कोषको स्थापना गर्नेछ।<br>(ख) प्रदेश सकारले प्रदेश सडकको उपयोग गरे वापत वा प्रदेश सडक वा प्रदेश सडक सीमा भित्र पर्ने गरी जमिन मूनि वा माथिबाट खानेपानी सिचाई ढल बिजुली इण्टरनेट लगायतका अन्य उपकरण राखे वा जडान गरे वापत वा अन्य कुनै संरचना वनाउन दिए वापत तोकिए बमोजिम मर्मत सम्भार सेवा शुल्क लिन सक्नेछ। सो शुल्क मर्मत सम्भार कोषमा जम्मा हुनेछ।<br>(ग) प्रदेश सरकारले वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा | मर्मत सम्भार सम्बन्धी कोष सम्बन्धी स्पष्ट व्यवस्था गर्नुपर्ने भएकाले। |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | संशोधनको व्यहोरा | संशोधनको कारण/कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | | |
| | | | | | | निश्चित बजेट मर्मत सम्भार कोषको लागि विनियोजन गर्नु पर्नेछ। | |
| २०. | मा. हिक्मत ब. विष्ट,<br>मा. इन्द्रा कुमारी शाही,<br>मा. बलिमाया बुढा | १८ | | | | .... सुरक्षा स्तम्भ बनाउनु बार (ब्यारिएर), पुल, घुम्ति सडक बार अर्थ सम्झनु पर्छ । | साँघुरो, घुमाउरो र खतरनाक मोडमा साईडमा बार राख्दा केही हदसम्मको सुरक्षा हुन सक्ने भएकोले । |
| २१. | मा. हिक्मत ब. विष्ट,<br>मा. इन्द्रा कुमारी शाही,<br>मा. बलिमाया बुढा | १९ | | | | ..............पोड वे, यान्त्रिक पुल................ जस्ता कार्य कुनै व्यक्ति वा PPPमोडलमा गर्न सक्नेछ । | दायरा फराकिलो पार्न । |
| २२. | मा. कृष्ण बहादुर जि. सी.,<br>मा. बिन्दमान विष्ट | २३ | | घ | | (घ) पछि अर्को खण्ड थप गर्नेः<br>दफा १७ को उपदफा ६ बमोजिमको मर्मत सम्भार कोषको सञ्चालन गर्ने। | मर्मत सम्भार कोष सञ्चालनको काम प्रदेश सडक विकास समन्वय समिति मार्फत गर्न उपयुक्त भएकोले । |
| २३. | मा. कृष्ण बहादुर जि. सी.,<br>मा. बिन्दमान विष्ट | २७ र २८ | | | | दफा २७ र दफा २८ हटाई दफा क्रम मिलाउने। | |
| २४. | मा.टेकराज पछाई,<br>मा.जित बहादुर मल्ल,<br>मा.दक्षिणा शाही,<br>मा.कल बहादुर हमाल, | २९ | १ | | | यो ऐन लागु भएपछी निर्माण भएको प्रदेश सडक को दाया बाया रहेको जग्गामा प्रदेश सरकारले एक पटक बिकास कर लगाई असुल उपर गर्न सक्नेछ ।<br>तर कुनै जग्गाभित्र बिचमा सडक परि दाया-बाया बनेको र | अन्यायमा पर्न नदिन। |

| क्र.सं. | संशोधनको सूचनाकर्ता माननीय सदस्यहरू | विधेयकको | | | | संशोधनको व्यहोरा | संशोधनको कारण/कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | प्रस्तावना/ दफा | उपदफा | खण्ड | उपखण्ड | | |
| | मा.तुलसा मल्ल | | | | | उक्त जग्गाधनीले क्षतिपूर्ति नपाएको अवस्थामा उक्त बिकास कर तिर्नपर्ने छैन। | |
| २५. | मा. हिक्मत ब. विष्ट, मा. इन्द्रा कुमारी शाही, मा. बलिमाया बुढा | २९ | | | | पुरै हटाउनु पर्ने । | उचित र व्यवहारिक नहुने। |
| २६. | मा. हिक्मत ब. विष्ट, मा. इन्द्रा कुमारी शाही, मा. बलिमाया बुढा | ३२ | | | | ...... दुर सञ्चार, गुठी....... गर्नु पर्नेछ । | मठमन्दिर वा धार्मिक स्थलका बारे जानकारी राखी व्यवस्थापन गर्न । |
| २७. | मा. हिक्मत ब. विष्ट, मा. इन्द्रा कुमारी शाही, मा. बलिमाया बुढा | थप | | | | सबै प्रकारका मार्गहरुको नामाकरण गर्न सकिनेछ।नामाकरणको आधारहरु तोकिएबमोजिम हुनेछ। | लोकमार्ग लगायतका अन्य मार्गहरुको पहिचान र प्रचार गर्नु पर्नेआवस्यकता भएकाले |

क्र. सं. १ देखि २७ सम्मका संशोधन प्रस्तावहरू छलफलका लागि स्वीकृत गर्दछु।

........................

(नन्दा गुरुङ्ग)

सभामुख

कर्णाली प्रदेशसभा, कर्णाली प्रदेश

मितिः २०८१/११/०८